# तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षा कोठामा प्रयोग गरेका कार्यनीतिहरूको अध्ययन

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**स्नाकोत्तर तह (एम. एड) दोस्रो वर्षको आंशिक**

**आवश्यकता पूरा गर्न प्रस्तुत**

**शोधपत्र**


प्रस्तुतकर्ता

**कृष्ण प्रसाद पौडेल**

परीक्षा रोल नं. : २४०००४५ /०६७

त्रि.वि. दर्ता नं. : ४३५०१-९५



त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

सप्तगण्डकी वहुमुखी क्याम्पस

भरतपुर चितवन

२०७०

# पाठ्यक्रम र मूल्याङ्कन विभाग

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय सप्तगण्डकी बहुमुखी क्याम्पस, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तहका शोधकर्ता कृष्ण प्रसाद पौडेल द्वारा **"तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरुले कक्षा कोठामा प्रयोग गरेका कार्यनीतिहरु"** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार गर्नु भएको हो । निजबाट तयार पारिएको यस अध्ययनबाट म सन्तुष्ट छु र यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..........................................

उप.प्राध्यापक.होमनाथ सापकोटा

(शोध निर्देशक)

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मितिः- २०७०/०५/०२

# पाठ्यक्रम र मूल्याङ्कन विभाग

# सिफारिस पत्र

सप्तगण्डकी बहुमुखी क्याम्पस 'पाठ्यक्रम तथा मूल्याङ्कन' विभाग भरतपुरमा स्नातकोत्तर तह दोस्रो वर्षमा अध्ययन गर्ने छात्र श्री कृष्ण प्रसाद पौडेल ले "तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरुले कक्षा कोठामा प्रयोग गरेका कार्यनीतिहरु" शीर्षकको शोत्रपत्र मेरो निर्देशनमा तयार गर्नु भएको हो , तसर्थ आवश्यक मूल्याङ्कनको लागि मूल्याङ्कन समितिमा पेश गर्न सिफारिस गर्दछु।

उप.प्राध्यापक.होमनाथ सापकोटा
शोध निर्देशक

**मिति :**

# सप्तगण्डकी बहुमुखी क्याम्पस
# पठ्यक्रम तथा मूल्याङ्कन विभाग
# भरतपुर, चितवन

## स्वीकृति पत्र

सप्तगण्डकी बहुमुखी क्याम्पस पाठ्यक्रम तथा मूल्याङ्कन विभागको स्नातकोत्तर तहमा अध्ययन गर्ने छात्र श्री कृष्ण प्रसाद पौडेलले तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिहरु ाशिर्षकको शोधपत्र तयार गरी मूल्याङ्कनको लागि यस समितिमा पेश गरिए अनुसार यस समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

मूल्याङ्कन समिति

१. विभागीय प्रमूख

एप. प्रा. कुवेरनाथ शर्मा

२. शोध निर्देशक

उप. प्रा. होमनाथ सापकोटा

३. वाहय परीक्षक

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र शिक्षा शास्त्र संकाय अर्न्तगत पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपुर्तिका लागि तयार पारिएको हो ।

यस शोधपत्रको तयारीको क्रममा सुरुदेखि नै आफ्नो अमूल्य समय प्रदान गरि मार्ग दर्शन गर्न भई अध्ययन कार्यलाई सफल पार्न शोधपत्रको प्रारुप तयार गर्न र यसलाई पूर्णता दिन सल्लाह, सुझाव प्रदान गर्ने क्रममा (आवश्यकता अनुसार ) कहिले बाटोमा भेटेर, कहिले फोनबाट, कहिले स्वंय आफ्नो घरमा बोलाएर त कहिले मेरो घरमा नै आएर रात -दिन घाम- झरी नभनीकन यस कार्यमा हृदय देखि नै सहयोग गर्ने आदरणीय गुरु शोधनिर्देशक उप- प्राध्यापक होमनाथ सापकोटा ज्यू प्रति हार्दिक हार्दिक कृतज्ञता प्रदान गर्दछु । त्यसै गरी शोधकार्यलाई मूर्तरूप दिन हरसम्भव प्रयास गर्नुहुने आदरणीय गुरु तथा यसै क्याम्पसका विभागीय प्रमुख कुवेरनाथ शर्मा प्रति कृतज्ञ छु । यसैगरि यस अध्ययनमा सूचना संकलन गर्ने कार्यमा आवश्यक सुचना प्रदान गरि सहयोग पुऱ्याउने, आदिकवि भानुभक्त उ.मा.वि. का शिक्षक तथा प्र.अ. ज्यू, बालकुमारी उ.मा.वि. का शिक्षक तथा प्र.अ. ज्यू र कन्या उ.मा.वि. का शिक्षक तथा प्र.अ.ज्यू हरुलाई पनि विशेष धन्यवाद दिन चाहन्छु । साथै प्रत्यक्ष र अप्रत्यक्ष रुपमा आवश्यक मार्गदर्शन, सल्लाह, सुझाव र प्रोत्साहन दिई कार्य सम्पन्न गर्न सहयोग पुऱ्याउने सहपाटी साथीहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा यस सोधकार्य सम्पन्न गर्न पूर्ण रुपमा सहयोग गर्ने जीवन संगिनी विमला कुमारी शर्मालाई कृतज्ञता ज्ञापनगर्दछु । साथै कम्प्युटर लेखनमा सहयोग पुऱ्याउने पौडेल टाइपिङ सेन्टर  लाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

कृष्ण प्रसाद पौडेल
सप्तगण्डकी बहुमुखी क्याम्पस
स्नातकोत्तर तह दोस्रो वर्ष

# शोधसार

"तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिहरूको अध्ययन" शीर्षकमा तयार पारिएको यस शोधपत्रमा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिहरुको पहिचान गर्ने, विश्लेषण गर्ने र आवश्यक सुझावहरू पेश गर्ने जस्ता उद्देश्य राखी कार्य सम्पन्न गरिएको छ ।

मूलतः तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले कक्षा आरम्भ गर्दा, कक्षा क्रियाकलाप गर्दा र कक्षा समापन गर्दा के-कस्ता कार्यनीतिहरू प्रयोग गरेका छन् पहिचान गरि तुलनात्मक रुपमा व्याख्या एंव विश्लेषण गरिएको छ ।

यस अध्ययनलाई निर्धारित उद्देश्य पूरा गर्न सामान्य सम्भावनायुक्त नमूना छनोट विधिको प्रयोग गरि विद्यालयको छनोट गरिएको छ । जसमा भरतपुर नगरक्षेत्र भित्रका ६ वटा सामुदायिक विद्यालयहरू आदिकवि भानुभक्त उच्च माध्यमिक विद्यालय, नारायणी उच्च माध्यमीक विद्यालय, कन्या उच्च माध्यमिक विद्यालय, बालकुमारी उच्च माध्यमकि विद्यालय, भरतपुर उच्च माध्यमिक विद्यालय, चितवन उच्च माध्यमिक विद्यालय, छनोटमा परेका छन् । उक्त विद्यालयमा अध्यापनन गराउने १७४ तालिम प्राप्त र ३८ तालिम अप्राप्त शिक्षकहरू मध्येबाट उद्देश्यमूलक नमूना छनोट विधिद्वारा ३ जना तालिम प्राप्त र ३ जना तालिम अप्राप्त शिक्षकहरू तथा विद्यालयका प्रधानाध्यापकहरू छनोट गरिएको थियो । प्राथमिक तथ्याङ्क संकलनका लागि छनोटमा परेका जनसंख्यालाई अनुसन्धानकर्ता स्वयं उपस्थित भई कक्षा अवलोकन तथा अनर्तवार्ता प्रश्नावली भरि तथ्याङ्क संकलन गर्ने कार्य गरिएको थियो । द्वितिय तथ्याङ्क संकलनका लागि विभिन्न संघ संस्थाहरूद्वारा प्रकाशित प्रतिवेदन, पत्र, पत्रिका, पुस्तकलाई आधार बनाईएको थियो ।

अध्ययनका क्रममा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिहरूको अध्ययन गर्दा तालिम प्राप्त शिक्षकहरूले तालिम अप्राप्त शिक्षकहरूको तुलनामा विद्यार्थी उत्प्रेणा र कक्षा नियन्त्रण गरि कक्षा आरम्भ गर्ने गरेका छन् । प्रभावकारी रुपमा सिकाई क्रियाकलापमा विद्यार्थीको सहभागीता बढि भन्दा बढि गराउने र पूर्वपाठको पुनरालोकन पश्चात नयाँ पाठको शुरूवात गर्ने कार्यनीतिमा भने दुवै शिक्षकहरूमा समानता देखिएको छ । कक्षा क्रियाकलापमा विद्यार्थीहरूको वढि भन्दा बढि सक्रिय बनाउने कार्यमा तालिम प्राप्त शिक्षकहरूको क्रियाकलाप राम्रो रहेको छ । तालिम प्राप्त शिक्षकहरूले समस्या समाधान र छलफल विधिको बढि प्रयोग गर्ने गरेका छन् । तालिम प्राप्त शिक्षकहरू विद्यार्थी केन्द्रित विधिबाट र तालिम अप्राप्त शिक्षकहरू शिक्षक केन्द्रित विधिबाट प्रभावित रहेको पाइन्छ । शिक्षण सामग्रीको कम प्रयोग गर्ने

गरेको र मार्कर वोर्डको प्रयोग बढि गर्ने गरेको पाइयो । चारैतिर घुमेर शिक्षण गर्ने, उदाहरण दिइएर विषयवस्त प्रष्ट्याउने, ठिक समयमा कक्षा शुरूवात गर्ने, विद्यार्थीहरूलाई बिच-बिचमा प्रश्न सोध्ने जस्ता कार्यनीतिमा समानता नै देखिन्छ । उद्देश्य अनुरूप शिक्षण क्रियाकलाप गर्ने कार्यमा तालिम प्राप्त शिक्षकहरूको कार्य बढि प्रभावकारी रहेको छ । कक्षा समापन गर्दा सबै तालिम प्राप्त शिक्षकहरूले प्रश्नसोधी पुनरावलोकन गराउने गरेको तर तालिम अप्राप्त कम शिक्षकहरूले मात्र यो कार्यनीति अपनाउने गरेका छन् । विद्यार्थी मूल्याङ्कनमा लिखित मूल्याङ्कन कसैले पनि अपनाउने नगरेको पाइयो र मौखिक मूल्याङ्कन बिच समानता रहेको पाइयो । तालिम प्राप्त धेरै शिक्षकहरूले मूल्याङ्कन पश्चात पृष्ठपोषण दिने गरेका छन् तर तालिम अप्राप्त कम शिक्षकहरू यो कार्यनीति प्रयोग गर्ने गरेका छन् । गृहकार्यको सम्बन्धमा भने दुवै शिक्षकहरूले समान कार्यनीति प्रयोग गर्ने गरेका पाइयो ।

समग्र अध्ययनबाट प्राप्त जानकारीका आधारमा शिक्षण सिकाइलाई प्रभावकारी बनाई सामुदायिक विद्यालयको गुणस्तर वृद्धिका लागि तालिम अप्राप्त शिक्षकहरूलाई तालिम प्राप्त शिक्षकहरूसंग अर्न्तक्रिया गराउने तथा समय-समयमा गोष्ठी र सेमिनारको आयोजना गरिनु पर्छ । तालिम प्राप्त शिक्षकहरूले कतव्यनिष्ट भएर आफ्नो जिम्मेवारी पुरा गर्नु पर्ने, सम्बन्धि निकायले समय-समयमा अनुगमन तथा पृष्ठपोषणको व्यवस्था गर्नु पर्ने जस्ता सुझाव यस शोधपत्रमा समावेश गरिएको छ ।

# विषयसूची

सिफरिस पत्र I
स्वीकृति-पत्र II
कृतज्ञता III
शोधसार IV
विषयसूचि VI-VII

परिच्छेद एकः परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२. अध्ययनको औचित्य ५

१.३ समस्या कथन ६

१.४. अध्ययनको उद्देश्य ७

१.५. अनुसन्धानात्मक प्रश्नहरू ८

१.६. अध्ययनको परिसिमा ८

१.७ परिभाषित शब्दावली ८

परिच्छेद दुईः सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ९

२.२ सैद्धान्तिक खाका १३

२.३. अवधारणात्मक ढाँचा १६
२.४. शैक्षिक उपादेयता १७

परिच्छेद तीन : अध्ययन विधि र प्रक्रियाहरू

३.१. अनुसन्धान ढाँचा १८

३.२ सूचना संकलनको स्रोत १९

३.३ नमुना छनोट १९

३.४ साधनको निर्माण २०

३.५. साधनको विश्वसनीयता र वैधता २०

३.६ तथ्याङ्क संकलन प्रकिया २०

३.७. तथ्याङ्कको व्याख्या र विश्लेषण २१

परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

४.१. तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाई कार्यनीतिहरूको पहिचान २२
४.२. तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिहरूको विश्लेषण २५
४.३. कक्षाकोठामा शिक्षण सिकाइ कार्यनीतिहरूलाई प्रभावकारी बनाउने उपायहरू ३७

**परिच्छेद पाँचः प्राप्ति, निष्कर्ष तथा सुझावहरू**

५.१. प्राप्ति ३९
५.२. निष्कर्ष ४१
५.३. सुझाव ४२

**सन्दर्भ सामग्री**
**अनुसुचीहरू**